(Nepali version)

# नवीनतम JN.1 COVID-19 को खोपका लागि व्यवस्था

सरकारले 19 नोभेम्बर 2024 देखि 12 वर्ष वा सोभन्दा बढी उमेरका योग्य व्यक्तिहरूलाई नवीनतम JN.1 COVID-19 को खोप उपलब्ध गराउन सुरु गरेको छ भने XBB COVID-19 का खोपहरू 6 महिनादेखि 11 वर्षसम्मका उमेरका व्यक्तिहरूलाई उपलब्ध गराउन निरन्तरता दिइएको छ।

विशेष गरी वृद्धवृद्धा र अन्तर्निहित रोगहरू भएकालगायत उच्च जोखिममा भएका नागरिकहरूले आफ्नो अन्तिम डोज लगाएका छन् वा 6 महिनाभन्दा बढी समयअघि COVID-19 सङ्क्रमण भएको थियो भने उनीहरूले सकेसम्म चाँडो खोपको बुस्टर लगाउनु पर्छ।

सरकारी COVID-19 विरुद्धको खोप कार्यक्रम

- 6 महिना वा सोभन्दा बढी उमेरका व्यक्तिहरूले निःशुल्क प्रारम्भिक डोज(हरू) लगाउन सक्छन्
- उच्च-जोखिम भएका प्राथमिकता समूहले निःशुल्क रूपमा बुस्टर डोज लगाउन सक्छन्
    1. आवासीय हेरचाह गृहमा बस्नेलगायतका 50 वर्ष वा सोभन्दा बढी उमेरका वृद्ध व्यक्तिहरू
    2. अन्य अन्तर्निहित रोगहरू भएका 18 देखि 49 वर्षसम्ममा व्यक्तिहरू
    3. प्रतिरक्षा प्रणाली कमजोर भएका 6 महिना वा सोभन्दा बढी उमेरका व्यक्तिहरू
    4. गर्भवती महिला
    5. स्वास्थ्य सेवा कार्यकर्ताहरू

COVID-19 विरुद्धको खोप कार्यक्रमको विवरण CHP को निम्न वेबसाइटमा फेला पार्न सकिन्छ

https://www.chp.gov.hk/en/features/106934.html

29 नोभेम्बर 2024 (29 November 2024)